महावु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडावाज, दैलेख, कर्णाली प्रदेश, नेपाल
(सूचना प्रविधि शाखा शाखा)

पत्र संख्याः-२०७७/०७८
चलानी नं.- १७०

मितिः-२०७७/०६/०२

महावु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गैडावाज, दैलेख कर्णाली प्रदेश, नेपाल

**विषयः संविधान दिवश मनाउने सम्बन्धि सूचना ।**

श्री १ देखि ६ सम्मका सम्पुर्ण वडाकार्यालयहरू
महावु गाउँपालिका, दैलेख ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय दैलेखको पत्र संख्या २०७७/०७८ च.नं.४८५ मिति २०७७/०५/३१ गतेको प्राप्त पत्र यसैमा संलग्न राखि पठाइएको छ यसै पत्राअनुसार कार्यक्रम संचालन गर्न हुन अनुरोध छ ।

.............................
भक्त बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

भक्त बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दैलेख

फोन: प्र.जि.अ. ०८९-४२०११२
९८५८०१७७७७
स.प्र.जि.अ. ०८९-४२०१२६
९८५८०४०१२६
फ्याक्स: ०८९-४२०१२६
इमेल : daodailekh@gmail.com
वेवसाइट : daodailekh.moha.gov.np

पत्र संख्या:-२०७७/०७८
च.नं.:- ४८५

मिति: २०७७/०५/३१

सूचना । सूचना । सूचना ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको च.नं. ७१, मिति २०७७/०५/२५ को पत्रबाट २०७७ सालको संविधान दिवस भव्यताका साथ मनाउने सम्बन्धमा सम्माननीय प्रधानमन्त्री ज्यूको अध्यक्षतामा मिति २०७७/०५/२२ गते बसेको संविधान दिवस मूल समारोह समितिको बैठकबाट भएको तपशिल बमोजिमको निर्णय अनुसारको कार्यक्रमहरु गरी संविधान दिवस २०७७ मनाउने व्यवस्था मिलाउनुहुन भनी लेखि आएको हुँदा जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालय, गैर सरकारी कार्यालय, स्थानीय तह तथा आम जिल्ला वासी सबैमा सोही अनुसार संविधान दिवस २०७७ मनाउने व्यवस्था मिलाउन हुन तथा मनाउनु हुन अनुरोध छ ।

तपशिल:

१. प्रदेश तथा स्थानीय तहका सम्पूर्ण सरकारी निकाय/प्रतिष्ठान संघसंस्था कार्यालयमा राष्ट्रिय झण्डा फहराउने तथा आम सर्वसाधारणले असोज २, ३ र ४ गते घर-घरमा साँझ दीप प्रज्वलन गर्ने ।

२. स्थानीय सञ्चार माध्यम तथा पत्रपत्रिकाबाट संविधानसँग सम्बन्धित विभिन्न सन्देश तथा कार्यक्रमहरु प्रशासन-प्रसारण गर्न ।

३. विभिन्न मन्दिर, बुद्ध, विहार, मस्जिद, चर्च एवम् गुरुद्वार लगायतका धार्मिक स्थानहरुमा नित्य पूजा गर्दा राष्ट्र राष्ट्रियता स्वतन्त्रता र संविधानका लागि आफ्नो जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात शहिदहरुको आत्माको चीरशान्तिको कामना सहित श्रद्धाञ्जली प्रकट गर्दै पूजापाठ तथा प्रार्थना गर्ने ।

२०७७/५/३१
प्रमुख जिल्ला अधिकारी